# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विर्घा, स्याङ्जा
## स्थापित २०७३

पत्र संख्या : २०७९/८०

गण्डकी प्रदेश, नेपाल

कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विर्घा, स्याङ्जा २०७३

मितिः २०८०/०३/२६

## सार्वजनिक सवारी साधनको भाडा दररेट लागू गर्ने सम्बन्धी सूचना।

मिति २०८०/०३/२६ गते कालीगण्डकी गाउँपालिकाको कार्यालयमा गाउँ यातायात व्यवस्थापन समिति, कालीगण्डकी गल्याङ्ग यातायात प्रा.लि. र आलमदेवी अटो प्रा.लि.को संयुक्त बैठकबाट कालीगण्डकी गाउँपालिकाभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडा दर लागू गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

१. कालीगण्डकी गल्याङ्ग यातायात प्रा.लि.ले यस कार्यालयलाई उपलब्ध गराएको सवारी दररेट कडाइका साथ लागू गर्ने उक्त दररेट भन्दा बढी भाडा माग गरेमा यात्रुले यस गाउँपालिकामा जानकारी गराइ बढी भाडा माग गर्ने सवारी साधनलाई कारबाही गर्ने।

२. कालीगण्डकी गल्याङ्ग यातायात प्रा.लि.ले सञ्चालन गर्ने सवारीहरु विभिन्न ठाउँमा छुट्ने र पुग्ने समय निर्धारण गरी उक्त प्रा.लि.ले यस गाउँपालिकालाई असार मसान्तसम्म उपलब्ध गराउने।

३. यस गाउँपालिकाभित्र सञ्चालन गर्ने अटोहरु नवीकरणको हकमा असारमसान्त भित्र र नयाँ दर्ताको लागि श्रावण १ गतेसम्ममा गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्नुपर्ने।

४. अटो प्रा.ली. मार्फत सञ्चालन हुने अटोहरुको भाडादर निर्धारणका लागि २०८० श्रावण १ गतेसम्ममा उक्त प्रा.लि मार्फत भाडादर गाउँपालिका समक्ष प्रस्ताव गर्ने।

५. निजी सवारी साधनले यात्रु ओसारपसार गरेको देखिएमा प्रमाण सहित सम्बन्धित निकायमा जानकारी गराउने।

(देवेन्द्र पाण्डेय)
प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np